# राजमार्ग (सडक) अवरोध रहित सञ्चालन गर्ने कार्ययोजना
## २०८१

नेपाल सरकार

## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्वी भाग)

**पृष्ठभूमि :-**

लुम्बिनी प्रदेश को एक मात्र हिमाली जिल्लाको रूपमा रहेको रुकुम (पूर्वी भाग) जिल्ला नेपालको संविधान, २०७२ निर्माणसँगै कार्यान्वयनको क्रममा २०७४ साल असोज १९ गते तत्कालीन रुकुम जिल्लालाई विभाजन गरी नेपालको ७७ औँ जिल्लाको रूपमा स्थापित गरिएको हो । पूर्वमा बागलुङ र म्याग्दी, पश्चिममा रुकुम (पश्चिम), उत्तरमा डोल्पा र दक्षिणमा रोल्पा जिल्लासँग सिमाना जोडिएको यो जिल्ला विश्व मानचित्रमा ८२°.३५ मिनेट देखी ८३°.१० मिनेट पूर्वी देशान्तर र २८°.२८ मिनेट देखी २९°.१० मिनेट उत्तरी अक्षांशमा अवस्थित छ भने समुद्र सतह देखि ९३५ मिटर देखि ७२४६ मिटरको उचाइमा रहेको छ। जिल्लाको कुल क्षेत्रफल ११६१.१३ वर्ग कि. मिटर (११६११३ हेक्टर) रहेको छ। यहाँ समशीतोष्ण र शीतोष्ण खालको हावापानी पाइन्छ। ०.२ देखि ३४ डिग्री सेल्सियससम्म तापक्रम रहने यस जिल्लामा औसत वार्षिक १८०० मि.मि. देखि २६०० मि.मि. सम्म वर्षा हुने गर्दछ। प्राकृतिक हिसाबले यस जिल्ला हिमाल, लेक, पहाड र बेसी गरी चार भागमा विभाजित छ भने राजनीतिक आधारमा १ प्रतिनिधि सभा, २ प्रदेश सभा निर्वाचन क्षेत्र र ३१ वडा सहितको ३ वटा गाउँपालिकामा विभाजित छ।

भौगोलिक दृष्टिकोणले विकट मानिने यो जिल्लामा पछिल्लो केही वर्ष यता तीव्र रूपमा सडक विस्तारको कार्य अघि बढाइएको पाइन्छ । पश्चिममा रुकुम (पश्चिम) जिल्लाको सिमाना देखि पूर्वमा बागलुङ जिल्लाको सिमानाको बिचमा करिब ५८ किलोमिटर भाग पर्ने मध्य पहाडी लोक मार्ग यस जिल्लाका विभिन्न वडाहरूमा सडक मार्ग जोड्नका लागि आधार मार्गको रूपमा रहेको छ । मध्यपहाडि लोक मार्ग अन्तर्गत पर्ने रुकुमकोट, खाबाङबगर, काँक्री र लुकुम बजारका अतिरिक्त धपे, धाउन्ने, पोखरा, छिपखोला, देउखोला, जामाबगर, राङसी, कोल, तकसेरा, महत, चुनवाङ हुकामका बस्तीहरू समेत कच्ची सडक मार्फत सडक सञ्जालमा जोडिएका छन् भने यस जिल्लाका अधिकांश बस्तीहरूमा सडक पुग्न सकेको छैन। पछिल्लो समयमा भने जिल्लाका धेरैजसो बस्तीहरूमा सडक पुऱ्याउने उद्देश्यकासाथ विभिन्न ठाउँहरुमा सडक विस्तारको काम धमाधम रुपमा चलिरहेको छ। कडा पहाड र चट्टान सहितको भौगोलिक बनावटका कारण सडक विस्तारको काम अत्यन्त कठिन पूर्ण देखिन्छ।

केही भाग ग्राभेल र पक्की गरिएको मध्य पहाडी लोक मार्ग बाहेक अन्य सम्पूर्ण सडक मार्गहरू भर्खरै ट्र्याक खोलिएको कच्ची रूपमा रहेको तर ट्र्याक खुल्ने बित्तिकै सवारी साधन चलाउन हतार गर्ने परिपाटिका कारण यस जिल्लामा पछिल्लो केही वर्ष यता सडक तथा सवारी दुर्घटनाहरू बढ्दै गएको तथ्याङ्कबाट पुष्टि हुन्छ । आ.ब. ०७८/०७९ मा १६ सवारी दुर्घटनामा ८ जनाले ज्यान गुमाएका थिए भने २८ जना घाइते भएका थिए भने आ.व २०७९।०८० मा ३ सवारी दुर्घटनामा ७ जनाको मृत्यु हुनेको साथै १९ जना घाइते भएका थिए। आ.ब. ०८०/०८१ मा ९ सवारी दुर्घटनामा १ जनाले ज्यान गुमाएका थिए भने १५ जना घाइते भएका थिए यसरी सडकको विस्तार सँगै सवारी साधनको बढ्दो प्रयोगका कारण सवारी दुर्घटनाहरू पनि बढ्दै गएको पाइन्छ । पहाडी भू-बनोट र भर्खरै ट्र्याक खोलिएका कच्ची सडकहरूका कारण यहाँ सवारी दुर्घटनाको उच्च जोखिम रहेको छ।

निमित्त प्रमुख जिल्ला अधिकारी

सडक विकासको पहिलो आधार हो, जिल्लाका सम्पूर्ण गाउँबस्तीहरु सडक सञ्जालसँग जोड्नु आजको आवश्यकता पनि हो तर सडक विस्तारको क्रमबढेसँगै बढ्दै गएको सवारी दुर्घटनाको स्थितिलाई नजरअन्दाज गरियो भने आगामी दिनहरूमा सडक दुर्घटनाको कारण ठुलो धनजनको क्षति व्यहोर्नु पर्ने निश्चित छ । तसर्थ जिल्लाका गाउँ बस्तीहरूमा सडक विस्तारका साथ-साथै विस्तार गरिएका सडकहरूलाई व्यवस्थित, सुरक्षित र दिगो बनाउनका लागि आजै देखि निश्चित योजना तथा कार्य योजनाकासाथ अगाडि बढ्नु आजको आवश्यकता हो ।

यसै सन्दर्भमा सडक सुरक्षा सम्बन्धी ऐन, नियम कानुन र मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गराउँदै रुकुम (पूर्वी भाग) जिल्लामा विस्तार गरिएका सडकहरूलाई सुरक्षित र व्यवस्थित तथा सडक प्रयोगकर्ताहरूलाई अनुशासित बनाई बर्सेनि हुन सक्ने ठुलो धनजनको सम्भावित क्षतिलाई न्यूनीकरण गर्दै निर्बाध रूपमा सडक तथा राजमार्गहरू सञ्चालन गरी जिल्लाको समग्र विकासलाई टेवा पुऱ्याउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व) मा मिति २०८१।०४।०२ गते प्रमुख जिल्ला अधिकारी श्री माधव प्रसाद शर्माको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकमा भएको निर्णय बमोजिम रुकुम (पूर्वी भाग) जिल्लाको राजमार्ग तथा सडक निर्बाध रूपमा सञ्चालन गर्ने कार्य योजना तयार पारिएको छ ।

**कार्य योजनाको उद्देश्य :-**

निर्बाध रूपमा राजमार्ग तथा सडक सञ्चालन सम्बन्धी तयार गरिएको यस कार्य योजनाको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन्:-

१) जिल्लामा सञ्चालनमा रहेका राजमार्ग तथा सडकहरूलाई विना अवरोध निरन्तर सञ्चालन गर्ने,

२) सवारी तथा सडक दुर्घटना न्यूनीकरण गर्ने,

३) सडक अतिक्रमण तथा छाडा पशु चौपायहरुको नियन्त्रण गर्ने,

४) सडक प्रयोगकर्ताहरूलाई अनुशासित बनाउने,

५) ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गराउने,

६) राजमार्ग तथा सडकहरूलाई सुरक्षित र व्यवस्थित बनाउने,

७) ट्राफिक सम्बन्धी जनचेतना फैलाउने,

८) चोरीका सवारी साधन प्रयोगकर्ताहरूलाई कानुनी दायरामा ल्याउने,

९) राजस्व चुहावट नियन्त्रण गरी राजस्व सङ्कलनमा वृद्धि गर्ने

१०) बजार क्षेत्रबाट सारिएको बसपार्क व्यवस्थित गराउने,

११) राजमार्ग तथा सडकमा हुने अपराधिक गतिविधिहरू नियन्त्रण गर्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग)

**अपेक्षित प्रतिफल:-**

रुकुम (पूर्वी भाग) जिल्लामा ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गरी सञ्चालनमा रहेका सडकहरूलाई सुरक्षित एवं व्यवस्थित र सडक प्रयोगकर्ताहरूलाई अनुशासित बनाई निर्बाध रूपमा राजमार्ग तथा सडक सञ्चालन गरी संभवित सवारी दुर्घटना तथा त्यसबाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले तयार पारिएको यो कार्य योजना कार्यान्वयन भए पश्चात् देहाय बमोजिम उपलब्धिहरू हासिल हुने अपेक्षा राखिएको छ:-

१) राजमार्ग तथा सडकहरूको निर्बाध रूपमा निरन्तर सञ्चालन हुनेछ,

२) सवारी दुर्घटना तथा त्यसबाट हुने धनजनको क्षति न्यूनीकरण हुनेछ ,

३) बजार क्षेत्रमा तीव्र रूपमा भइरहेको सडक अतिक्रमण नियन्त्रण हुनेछ,

४) आम सर्वसाधारण ट्राफिक नियम सम्बन्धी सचेत भई ट्राफिक व्यवस्थापन सहज हुनेछ,

५) ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन हुनेछ,

६) सडक प्रयोगकर्ताहरूले अनुशासित रूपमा सडकको प्रयोग गर्नेछ,

७) चोरीका सवारी साधनहरूको प्रयोगमा नियन्त्रण हुनेछ,

८) राजस्व चुहावटमा नियन्त्रण भई राजस्व सङ्कलनमा वृद्धि हुनेछ,

९) राजमार्ग तथा सडकमा हुने अपराधिक गतिविधिहरू नियन्त्रण हुनेछन्

१०) बसपार्क पूर्ण रूपमा सञ्चालनमा भई व्यवस्थित हुनेछ,

११) राजमार्ग तथा सडकहरू सुरक्षित हुनेछन्।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्वी भाग)

**निर्बाध रूपमा राजमार्ग तथा सडक सञ्चालन सम्बन्धी कार्य योजना:-**

| सि.नं. | कार्यक्रम | लक्षित | जिम्मेवार ईकाई/शाखा | समन्वय गरिने निकाय | समयसिमा | उद्देश्य | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ट्राफिक जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने। | चालक, परिचालक सडक प्रयोगकर्ता तथा सम्बन्धित सबै | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ चालक, सडक प्रयोगकर्ता, बिद्यार्थी तथा आम सर्वसाधारणहरूमा ट्राफिक ज्ञानको विकास गरी सवारी दुर्घटना न्यूनीकरण, सहज र प्रभावकारी ट्राफिक व्यवस्थापन गर्ने। | |
| २ | दुर्घटना हुन सक्ने संभावित स्थानहरूमा ट्राफिक संकेतहरुको विस्तार गर्ने। | दुर्घटनाग्रस्त र जोखिमपूर्ण स्थानहरु | ➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>➢ जिल्ला प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु<br>➢ सडक पूर्वाधार विकास कार्यालय<br>➢ अन्य सरोकारवालाहरु | निरन्तर | ➢ सडक प्रयोगकर्ता, सवारी चालकलाई दुर्घटना हुन सक्ने संभावित स्थानहरुको बारेमा अग्रिम जानकारी गराई दुर्घटना न्यूनीकरण गर्ने। | |



लिलित प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | संयुक्त चेकिङ तथा गस्तिमा तिव्रता दिने । | मुख्य तथा सहायक मार्ग र बजार क्षेत्रहरु | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ ट्राफिक नियम तथा सडक अनुशासन कायम गराउने,<br>➢ सवारी साधनको स्वरूप परीवर्तनमा नियन्त्रण गर्ने,<br>➢ बिना हेलमेट मो.सा चलाउने र ३ जना सवार गर्ने कार्यलाई नियन्त्रण गर्ने,<br>➢ छत, हुटमा झुण्डिएर यात्रा गर्ने कार्यमा नियन्त्रण गर्ने,<br>➢ अपराधिक गतिविधी र सवारी दुर्घटना न्युनिकरण गर्ने, |
| ४. | सरप्राईज तथा छड्के चेकिङको दायरा बढाउने । | राजमार्ग, सहायक मार्ग तथा बजार क्षेत्रहरु | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ सवारी दुर्घटनामा न्यूनीकरण गर्नुका साथै आम यात्रुहरुमा सुरक्षाको प्रत्याभुति दिलाउने, राजस्व संकलनमा वृद्धि गर्ने । |
| ५. | सडक अतिक्रमण नियन्त्रण गर्ने । | राजमार्ग, सहायक मार्ग तथा बजार क्षेत्र | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>➢ सडक पूर्वाधार विकास कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ पैदल यात्रीले सहज रूपमा सडक प्रयोग गर्न सक्ने अवस्था कायम गर्ने<br>➢ सडकलाई अतिक्रमण हुन नदिई ट्राफिक व्यवस्थापन सहज गराउने ।<br>➢ बजार तथा सडकलाई व्यवस्थित गर्ने । |
| ६. | मुख्य बजार क्षेत्रहरुमा पार्किङस्थलहरुको ब्यस्थापन गर्ने । | बजार क्षेत्रहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु<br>➢ सडक पूर्वाधार विकास कार्यालय | निरन्तर | ➢ अव्यवस्थित पार्किङलाई निरुत्साहित गरी सवारी तथा सडक दुर्घटना न्यूनीकरण गर्ने । |
| ७ | छाडा चौपाया नियन्त्रण / व्यबस्थापन गर्ने । | मुख्य तथा सहायक मार्ग र बजार क्षेत्रहरु | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ छाडा चौपायाको कारण बाट हुने सवारी दुर्घटना नियन्त्रण गर्ने र सवारी आवागमनलाई सहज बनाउने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग)

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | चोरीका सवारी साधनहरु नियन्त्रण गर्ने । | स्थानीय बजार तथा अन्य क्षेत्रहरु | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ चोरीका सवारी साधन प्रयोग गरी हुने अपराध रोकथाम गर्ने ।<br>➢ सवारी साधन चोरीमा संलग्न गिरोहरुलाई कानुनी दायरामा ल्याउनुका साथै राजस्व चुहावटमा न्यूनीकरण गर्ने । |
| ९ | नागरिक सहायता कक्ष (Citizen Help Desk) राख्ने व्यवस्था मिलाउने । | मुख्य चोक तथा बजार क्षेत्र | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु<br>➢ यातायात व्यवसायी समिती | चाडं पर्वको समयमा | ➢ सेवाग्रहीलाई प्रभावकारी सेवा प्रदान गर्ने,<br>➢ चाडपर्वको अवस्थामा यात्रुहरु ठगिन नदिने,<br>➢ चोरी तथा लुटपाटका घटनामा कमि ल्याउने,<br>➢ सवारी दुर्घटना नियन्त्रण गर्ने । |
| १० | बाढि पहिरोबाट हुने सडक अवरोध तत्काल खुलाउने व्यवस्था मिलाउने | बाढि पहिरो प्रभावित सडक खण्डहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु<br>➢ सडक पूर्वाधार विकास कार्यालय<br>➢ यातायात व्यवसायी समिति<br>➢ सडक निर्माण कम्पनीहरु | निरन्तर | ➢ मनसुनको समयमा आउने बाढि, पहिरोका कारण अवरुद्ध हुने सडक खण्डहरु तत्काल खुलाई सवारी आवागमनलाई सुचारु राख्ने । |
| ११ | सडक मर्मत गर्ने/गराउने | | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु<br>➢ सडक पूर्वाधार विकास कार्यालय<br>➢ सडक निर्माण कम्पनीहरु | आवश्यकता अनुसार | ➢ विभिन्न कारणले भत्किएका, खाल्डाखुल्डि परेका सडकहरु मर्मत गर्ने र जाम भएका नालाहरु सफा गरी उचित ढल निकासको व्यवस्था मिलाउने । |
| १२ | मिडिया सम्पर्क कार्यक्रम | आमसर्वसाधरणहरु | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय ) | ➢ स्थानीय तहहरु<br>➢ स्थानिय संचार माध्यमहरु | निरन्तर | ➢ स्थानीय रेडियोहरु मार्फत ट्राफिक सम्बन्धि जनचेतनामुलक सामाग्रीहरु प्रचार-प्रसार गर्ने,<br>➢ प्रहरीको काम कारबाही तथा गतिविधीहरुको सम्बन्धमा आम सर्बसाधारणलाई जानकारी गराई आवश्यक सल्लाह, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्ने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग)

निमित्त प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ट्राफिक प्रहरी कर्मचारीहरुको आचरण / व्यवहारमा सुधार गर्ने | ट्राफिक प्रहरी कर्मचारीहरु | ➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम (पूर्वी भाग) | | निरन्तर | ➢ ट्राफिक प्रहरी कर्मचारीहरुलाई अनुशासित, ईमान्दार, व्यवसायिक तथा पेशाप्रति उत्तरदायी एवं जवाफदेहि बनाई उत्कृष्ट सेवा प्रवाह गर्ने । |
| १४ | बसपार्क सञ्चालन | काजिन्दा बसपार्क | ➢ जिल्ला प्रहरी कार्यालय<br>➢ जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>➢ यातायात व्यवसायीहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ स्थानीय तहहरु | निरन्तर | ➢ व्यवस्थित रुपमा बसपार्क सञ्चालन हुने |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग)

निमित्त प्रमुख जिल्ला अधिकारी